पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर्थिक विकास महाशाखा
कृषि विकास शाखा
पोखरा सभागृह, पोखरा, कास्की, गण्डकी प्रदेश

सम्पर्क नं ०६१-४५७८९४
इमेल : agriculture.pokharamun@gmail.com
वेबसाइट : www.pokharakrishi.gov.np

पत्र संख्या : २०८३/०८४
चलानी नं.

मिति २०८३।०७।१७

पोखरा महानगरपालिकामा प्लाष्टिकका फूल-गुच्छा बिक्री वितरण तथा उपयोग नगर्नुहुन साथै स्थानीय फूल, माला प्रयोग गर्ने सम्बन्धी अनुरोध

प्रस्तुत बिषयमा नेपाल सरकार, कृषि वन तथा पर्यावरण मन्त्रालयले वातावरण संरक्षण ऐन,२०७६ को दफा १५ को उपदफा ६ अनुसार प्लाष्टिकजन्य फूल-गुच्छाको बिक्री, वितरण वा भण्डारण निषेध गरेको र सोही ऐनको अधिकार प्रयोग गरी यस्ता प्लाष्टिकजन्य फूल-गुच्छाको बिक्री, वितरणमा रोक लगाउने भनी मिति २०७९।०४।१२ मा नेपाल राजपत्रमा प्रकाशित सूचना जारी गरिएकोले सो निर्णयको प्रभावकारी कार्यान्वयनको लागि, पोखरा महानगरपालिकाको स्थानीय प्रवर्द्धन नीति अनुसार आउँदै गरेको दिपावली (तिहार) पर्वमा सम्पूर्ण व्यवसायीहरुले प्लाष्टिकजन्य फूल-माला बिक्री-वितरण नगर्न,नगराउनुहुन र वातावरणमा नकरात्मक असर पार्ने निषेधित प्लाष्टिकजन्य फूलको प्रयोग नगरी स्थानीय फूलको प्रयोग गर्नुहुन तथा यस अभियानलाई सफल बनाउनका लागि सम्पूर्ण सरकारी, गैरसरकारी संघ-संस्था,व्यवसायी,उपभोक्ता र सर्वसाधारणको सहयोगको अपेक्षा सहित हार्दिक अनुरोध गर्दछौं ।

स्थानीय फूल प्रयोग गरौं - पर्यावरण बचाऔं, स्थानीय उत्पादन प्रोत्साहन गरौं

मनहर कडरिया
महाशाखा प्रमुख

मनहर कडरिया
आर्थिक विकास महाशाखा प्रमुख